श्री ५ को सरकार,

## कानून, न्याय तथा संसदीय प्रवन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१७ सालको ऐन नं. ३१

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणवाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

## केही नेपाल ऐनमा संशोधन गर्न बनेको ऐन

केही नेपाल ऐनमा संशोधन गर्न आवश्यक भएकोले श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम नेपाल ऐन संशोधन गर्ने ऐन, २०१७, रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. केही नेपाल ऐनमा संशोधनः देहायका नेपाल ऐनमा देहाय बमोजिम संशोधन गरिएको छः–

(क) नेपाल विशेष व्यवस्था ऐन, २०१७ को दफा ८ को उपदफा (२) मा "मौसूफको स्वविवेक वा मन्त्रिपरिषद्का सदस्यको सल्लाहमा" भन्ने शब्द झिकिएको छ ।

(ख) नेपाल विशेष व्यवस्था ऐन, २०१७ को दफा ११ को उपदफा (२) र दफा १२ को उपदफा (२) मा "विधेयकमा" भन्ने शब्दका सट्टा "ऐनको मसौदामा" भन्ने शब्द राखिएको छ ।

(ग) अदालती कारवाइ (विविध व्यवस्था) ऐन, २०१७ को प्रस्तावनाको पहिलो वाक्यांशका सट्टा निम्नलिखित वाक्यांश राखिएको छः–

> 'शान्ति र व्यवस्था कायम राख्न कतिपय फौजदारी मुद्दाहरूमा अभियुक्तलाई थुनामा राखी वा धरौटमा छाडी कारवाइ गर्ने र अदालती कारवाइका अरू केही विषयमासमेत व्यवस्था गर्नु गर्नु वाञ्छनीय भएकोले",

९५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा ६ मा निम्नलिखित प्रतिबन्धात्मक वाक्यांश यो ऐन प्रारम्भ हुने मितिदेखि लागू हुने गरी थपिएको छः–

'तर असिष्टेंट गभर्नमेंट प्लीडर र असिष्टेण्ट पब्लिक प्रसिक्यूटरले यो दफा बमोजिम प्रयोग गर्न पाउने अधिकार तथा पालन गर्नुपर्ने कर्तव्यमध्ये केही वा सबै तोकिएका अवस्थामा गर्न पाउने गरी कुनै सरकारी कर्मचारीलाई श्री ५ को सरकारले पदेन नियुक्त गर्न सक्तछ । गरी कुनै सरकारी कर्मचारीलाई श्री ५ को सरकारले पदेन नियुक्त गर्न सक्तछ ।"

(ङ) विशेष परिस्थिति नियन्त्रण ऐन, २०१७ को प्रस्तावनाका सट्टा निम्न-लिखित प्रस्तावना राखिएको छः–

"नेपालको सुरक्षा कायम राख्न विशेष परिस्थितिमा नियन्त्रण-णका लागि श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संवि-धानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।"

लालमोहर सदर मिति २०१७।१२।२७।१ मा

आज्ञाले,
उदयप्रसाद
श्री ५ को सरकारको का. मु. सचिव
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय ।

श्री ५ को सरकार

## कानून न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१७ सालको ऐन नं. ३२

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद् ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फील्ड मार्शल र सर्वोच्च कम्याण्डर इन–चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समरविजयिनाम् ।

## राज्य र राजा रजौटाका सम्बन्धमा समयानुकूल व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहबाट बांधिबक्सेको राष्ट्रिय एक-तालाई अझ सुदृढ पारी नेपाल अधिराज्यका विभिन्न वर्ग, जाति वा क्षेत्रका जनताका बीचको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।